९२९३/ T २५

# राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

## आदेश

मु.नं. ६१५/२०७२/०७३

निर्णय नं. ८२५

जिल्ला महोत्तरी, खयरमारा–६ बस्ने राजु ढकाल.................. ......................................१ पुनरावेदक

विरूद्ध

कार्यालय प्रमुख, नेपाल आयल निगम लिमिटेड, बबरमहल, काठमाण्डौ ...................... ........१ विपक्षी

सूचना अधिकारी, नेपाल आयल निगम लिमिटेड, बबरमहल, काठमाण्डौ................................१

विषय :- माग बमोजिमको सूचना उपलब्ध गराईएकोले लगत कट्टा गर्नु ।

जिल्ला महोत्तरी, खयरमारा–६ बस्ने राजु ढकालले नेपाल आयल निगम लिमिटेड, बबरमहल, काठमाण्डौ समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।११।१६ मा पुनरावेदन गरेको । सो सम्बन्धमा आयोगको मिति २०७२।११।२३ च.नं. १०४४ को पत्रद्वारा सूचना उपलब्ध गराउन लेखी गएको । तत् पश्चात उक्त नेपाल आयल निगम लिमिटेड, बबरमहल, काठमाण्डौको मिति २०७२।१२।०४, च.नं.३१४४, को पत्र मार्फत पुनरावेदकले माग गरेको सूचना यस आयोगलाई जानकारी गराईएकोमा आयोगबाट निज पुनरावेदकले प्राप्त सूचना बुझी लिएकोले यस सम्बन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत मिसिलको लगत कट्टा गर्नु । यसको जानकारी पुनरावेदकलाई दिनू ।

(यशोदादेवी तिम्सिना)
सूचना आयुक्त

(किरणकुमार पोखरेल)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

ईति सम्वत् २०७३ जेठ २ गते रोज १ शुभम्